# जूनकीरी

वर्ष– १, अंक– २, भदौ २०६०, (August 2003), काठमाडौँ


## अप्सराले देखाएको बाटो

**प्रेम दाहाल**

पानी नचल्ने भनेर हेपिएको कसाई जातिबाट सिन्धुलीमा पहिलो पटक अप्सरा टेष्ट परीक्षाको तयारीमा जुटेकी छिन् । भीमस्थान गाविस-१, शाखाजोरमा वर्षौं अघिदेखि बस्दै आएका कसाई जातिको सानो टोल छ । जिल्लाभरिमै दश कक्षासम्म पढ्ने अप्सरा यस जातिकी एकमात्र सन्तान हुन् ।

अरूको घरमा काम गरेर विहान बेलुकाको छाक त टार्छन् नै साथसाथै छोराले नपढे पनि छोरीलाई आफू भोकै बसेर भए पनि एसएलसीसम्म पढाउने निधो गरेका छन् ज्ञानबहादुरले । घरको आर्थिक अवस्था अत्यन्तै दयनीय भएको र तल्लो जातकी छात्रा भएकीले उनलाई श्री चन्द्रावती माध्यमिक विद्यालयले छात्रवृत्ति सहयोग उपलब्ध गराउँदै आएको छ ।

सधैँभरि अरूकै काम गरेर जीवन गुजार्दै आएका अप्सराका बाबु ज्ञानबहादुर छोराले त जसरी भए पनि खान्छ, अर्कैको घरमा पठाउनुपर्ने छोरीलाई पढाइ दिए आफ्नो खुट्टामा उभिने थिई भनेर आफूले खाने भातको गाँस काटेरै भए पनि पढाएको बताउँछन् । आवश्यक कापी, कलम र ट्यूसन शुल्क समेत तिर्न कठिनाइ परेको छ । अहिलेसम्म कसैले सहयोग गरिदिन्छु भनेका छैनन्- उनले भने ।

कथित माथिल्लो जातका मानिसको घरमा बनीबुतो गर्नु, घाँस काट्नु, गाई बाख्रा चराउनु, मल बोक्नु, सस्तोमा चामल, कुखुरा किनेर सदर मुकाममा ल्याएर बेच्नु र हलो जोत्नु उनीहरूको पुर्ख्यौली पेशा बन्दैंआएको छ । एकातिर जनचेतनाको अभाव र अर्कोतिर विहान बेलुकाको छाक टार्नुपर्ने समस्याले पनि छोरीलाई विद्यालय पठाउन बाबु-आमाहरू तयार नभएको अनुभव महिला नेतृ मञ्जु दाहालको छ । प्रजातन्त्र आएको लामो समयसम्म पनि बाबु आमामा छोरीलाई पढाउनुपर्छ भन्ने सामान्य चेतनाको विकास समेत सरकारले गराउन नसकेकै कारणले यसले समस्याको रूप लिएको हो, मञ्जुले दावी गरिन् ।

कसाई जातिको उदाहरण बनेकी अप्सराको उमेर १४ वर्षको छ । उनको अनुशासित व्यवहार र पढाइप्रतिको लगनशीलताप्रति विद्यालयका प्रधानाध्यापक केशव पहाडी खुशी छन् । समाजमा अपहेलित समुदायकी बालिकाले यसरी लगनशीलता देखाएर पढ्नु एउटा सफल उदाहरण भएको टिप्पणी पहाडीको छ ।

छोराले त पढन नपाएको समुदायमा अप्सराले दश कक्षा सम्म पढेर आफनो समुदायलाई तल्लो जातिले पनि पढन सक्छन् । अरू जस्तै ठूलो मान्छे बन्न सक्छन् भन्ने सन्देश दिएकी छिन् । उनले दिएको यो

## गाउँमा सामाजिक परिवर्तनका वाहक बालक्लवहरू

**सुदर्शन रिजाल**

दाङ । आफू सधैं हिड्ने बाटो हिलाम्मे हुँदा स्थानीय शिक्षित ठुलाबडा भनाउँदा कसैले पनि बाटो सफा गर्ने पहल नगरेपछि हापुर गाविसको 'अन्जान बाल समूह'का बालबालिकाले आफ्नै पहलमा दुई किलोमिटर लामो हिलाम्मे बाटो सफा र चौडा पारेर सबैलाई चुनौती दिए । हालै गठित उक्त बाल समूहका २९ जना बालबालिकाले साउनको अन्तिम हप्ता दुई विहान लगाएर छिमेकी बालक्लबको सहयोगले हापुर ८ उत्तर बगियादेखि दाहाल टोलसम्मको बाटो सफा गरेका छन ।

क्लबकी अध्यक्ष मेनका खनाल भन्छिन्- "प्रयास गरे जस्तोसुकै काम गर्न सकिने रहेछ ।" बाटो सफा गर्दा क्लबका साथीहरूले धेरै मेहनत गरेको उनले बताइन । बाटो फराकिलो बनाउन खोज्दा बारीको बार फाँडेको आरोप समेत व्यहोर्नु पर्‍यो । तर एउटा काम गरेर देखाएपछि पहिले तिमीहरू केटाकेटीले के गर्न सक्छौ र भन्ने गाउँलेहरू केही सामाजिक काम गर्नुपर्‍यो भने हाम्रो क्लबको सहयोग माग्न आउँछन्- क्लब छिट्टै सरसफाई सम्बन्धी सडक नाटक प्रदर्शन गर्न लागेको जानकारी दिँदै खनालले भनिन् ।

युनिसेफ नेपालको सहयोगमा स्थानीय विकास मन्त्रालय र राष्ट्रिय योजना आयोगको समन्वयबाट जिल्ला विकास समिति मार्फत् दाङका विभिन्न गाविसमा गठित बाल क्लबहरू अहिले गाउँ गाउँमा समाज परिवर्तनका बाहक बनेका छन् ।

पाँच वर्ष अघि सञ्चालनमा आएको बालबालिकाका लागि विकेन्द्रित कार्यक्रम अहिले महिला तथा बालबालिकाका लागि विकेन्द्रित कार्यक्रमको जिल्लाका दश गाविसमा विस्तार गरिएको छ । स्वास्थ्य, पोषण, खानेपानी, सरसफाई तथा शिक्षाको क्षेत्रमा महिला र बालबालिकाहरूको अवस्थामा सुधार ल्याउने मुख्य उद्देश्यले सञ्चालित कार्यक्रम अन्तर्गत यी क्लबहरू गठित भएका हुन् । बालक्लवमा आवद्ध बालबालिकाहरूले आफनो पढाइको अतिरिक्त आफ्ना साथीभाइलाई साह्रो-गाह्रो पर्दा सघाउने तथा फुर्सदको समयमा सार्वजनिक स्थलको सरसफाई गर्ने, बाल अधिकारबारे छलफल गर्ने, शिक्षामूलक सडक नाटक गर्ने, स्थानीय गाउँलेहरूलाई स्वास्थ्य जाँच गर्न लगाउने, जन्मदर्ता गर्न लगाउने र आयोडिनयुक्त नुनको प्रयोग गर्न लगाउने जस्ता कामहरू गर्ने गरेका छन् । यसैगरी मासिक रूपमा भित्ते पत्रिका प्रकाशन गर्ने तथा पढ्ने भावनाको विकास गर्ने पुस्तकालय स्थापना गर्ने जस्ता प्रसंशनीय काम समेत गर्ने गरेका छन् । एक हप्ते तालिम लिएकै भरमा उनीहरूले निकालेको पत्रिकामा सामाजिक विकृति हटाउने खालका सन्देशमूलक समाचार, बालअधिकार सम्बन्धी कविता कथा आदि देख्न सकिन्छ ।

गाउँको एउटा टोलमा गठन भएको बालक्लबको देखासिखी र अनुसरणबाट दाङमा दुई वर्षमा ८० वटा भन्दा बढी बालक्लबहरू गठन भैसकेका छन । बेला, धर्ना, पवननगर, गोल्टाकुरी, सिसदिया र राजपुर गाविसमा जिविसका सामुदायिक महिला विकास शाखाका सामुदायिक परिचालकहरूले बाल क्लबहरूलाई सहयोग पुर्‍याउँदै आएका छन् ।

जिविस दाङका कार्यक्रम अधिकृत कृष्ण केसी डकाउ कार्यक्रम अर्न्तगत गाउँस्तरमा हुने आयोडिन दिवस सरसफाई सप्ताह, स्तनपान दिवस, बाल दिवस, नारी दिवस जस्ता कार्यक्रममा बाल क्लबहरूले सक्रिय सहभागिता जनाउने गरेको बताउनुहुन्छ । पवननगर गाविसकी निवर्तमान अध्यक्ष गीता शर्मा बाल क्लबका गतिविधि सामाजिक विकृति हटाउन तथा शिक्षा स्वास्थ्य जस्ता विषयमा सराहनीय हुने गरेको बताउनुहुन्छ ।

सिर्जनशील बालक्लब हापुरका अध्यक्ष माधव खनाल आफनो क्लवले भित्ते पत्रिका प्रकाशन गर्ने लगायत गाउँका सार्वजनिक स्थलको सरसफाई गर्ने चर्पी र फोहोर फाल्ने खाल्डो नवनाएका घरमा बनाउन लगाउने, कसैले बालिकाहरूलाई स्कुल नपठाएको भए पठाउन लगाउने जस्ता काम गर्ने गरेको बताउँछन् ।

कार्यक्रम लागू भएका गाविसको कार्यक्रम लागु हुनुपूर्व खोप, स्कुल नजाने संख्या, सुत्केरी सामग्रीको प्रयोग गर्नेको संख्या, चर्पी प्रयोग गर्ने घर संख्या आयोडिन युक्त नुनको

## पाँच कक्षाकी बालिका सबैभन्दा शिक्षित

कपिलवस्तुको विद्यानगर गाविसको राष्ट्रसेवक प्राविमा पाँच कक्षामा अध्ययनरत मानती देवी कोरी आफनो समुदायकै सवैभन्दा बढी पढेकी बालिका हुन् । १२ वर्षीय मानती तीन वर्ष अगाडि विवाहित भए पनि माइतमै रहेका र पढ्न पाएकी कारण उनले पाँच कक्षामा पुग्ने अवसर पाएकी हुन । राष्ट्रसेवक प्रा.वि.का शिक्षक श्यामदेवप्रसाद ओझाले शिक्षा पत्रकार समूहलाई दिएको जानकारी अनुसार मानतीका बुबा आमालाई मानतीको पढाई राम्रो भएकाले पढाइरहन अनुरोध गरिएकोले उनलाई यसरी विद्यालय पठाइएको हो ।



गाउँको दलित समुदायमा पन्ध्र वर्षभित्रै छोरीको विवाह गरि दिने सामाजिक कुचलनका कारण मानतीका उमेरकै बालिकाहरू विद्यालय नआएको कुरा ओझाको बताउँछन् । सरकारद्वारा बालिका शिक्षाको स्थिति सुधार गर्नको लागि पिछडिएको समुदायलाई वितरित छात्रवृत्ति कम छ । विद्यालयको वरिपरीको वस्तीमा ६० प्रतिशत मुसलमान वस्ती छ । ४० प्रतिशत मध्ये दश प्रतिशत जति बाहुन क्षेत्री लगायतका सम्भ्रान्त परिवार, बाँकी जनसंख्या दलित तथा अन्य पिछडिएको समुदायको छ । विद्यालयमा विद्यार्थी भर्ना दर हेर्दा समाजमा सचेत एवं अशिक्षित वर्गका वीचको दूरी अत्यन्तै डरलाग्दो देखिन्छ । ६० प्रतिशत मुसलमानको बसोबास रहेको यस क्षेत्रमा मुसलमान बालकहरूले पाएको सरकारी शिक्षाको स्थिति निकै दयनीय छ । कुल १ सय ५ विद्यार्थी मध्ये ५ जना विद्यार्थी मात्रै मुसलमान समुदायका विद्यार्थी रहेका छन् । मुसलमान बालिका त विद्यालयमै छैनन् । अन्य समुदाय र जातिमा समेत बालिका शिक्षाका विषयमा खासै चेतना देखिदैन ।

विद्यालयमा बार्षिक दुईपटक लिइने परीक्षा शुल्क, पुस्तक किनेर बील पेश गर्नु अघि लाग्ने रकम तथा भर्नाको समयमा लिइने विद्यालय मरमत खर्च आदिकै कारण मानतीको शिक्षाको भविष्य अन्धकार बनेको छ । यूनिसेफ नेपालका जिल्ला प्रमुख वीरेन्द्र प्रधानका अनुसार, प्राथमिक शिक्षा पूरा नगर्दै विद्यालय छोड्ने बालिकको

**k9\5f}" klg k9fp"5f}" klgM डडेल्धुरा जिल्लाको जोगबुडास्थित सिद्धनाथ प्राथमिक विद्यालयमा कक्षा ५ मा अध्ययनरत शर्मा कुमारी कामी त्यही विद्यालयमै कक्षा १ र २ लाई पढाउँछिन् । कामी भन्छिन् –'ह्प्तामा ५ वटा कक्षासम्म हामी विद्यार्थीहरूले लिने गरेका छौं ।' यो विद्यालय स्थानीय दलित वर्गकै लागि र उनीहरूकै पहलमा २०४८ सालमा स्थापित विद्यालय हो । विद्यालयमा प्रधानाध्यापक जनकबहादुर विष्ट भन्छन्–निजी स्रोतबाट राखिएका शिक्षकहरू क्याम्पसका विद्यार्थीहरू हुन् । त्यसैले उनीहरूको कहिले जाँच पर्छ त कहिले शिक्षक तालिममा जानुपर्ने हुन्छ । यसले कमसेकम तल्ला तहका विद्यार्थीहरूलाई अलमल्याउनेसम्म हुन्छ ।**

**– शब्द/तस्वीरः एमडी कुलुङ**

## अभिभावकहरूमा नै चेतना छैन

**अनमोलमणि पौडेल**

भक्तपुरको मध्यपुर नगरपालिका १५, कौशलटारस्थित न्यू होराइजन इङ्लिस बोर्डिङ स्कुलकी छात्रा रमिला विष्ट शिक्षकको पिटाईबाट बेहोश भएको घटनापछि आजभोलि विद्यालय जान मन पराउँदिनन् ।

गत साउन २६ गते विद्यालयका शिक्षक प्रदीप श्रेष्ठको पिटाइबाट बेहोश भएपछि विरामी परेकी १२ वर्षीया विष्टलाई पिटाईको त्रासले अझै पनि विथोलिरहेको छ । उनका हजुरबा भन्छन्- 'अब स्कुल पढ्दिन भन्न थालेकी छ ।'

पिटाइबाट हिँड्नै नसक्ने गरी थलिएकी विष्टलाई कक्षामा साथीसँग बोलेको निहुँमा शिक्षक श्रेष्ठले सँगै बसेकी साथी रेखासँग टाउको जुधाइदिएका थिए । टाउको जुधाउँदा खसेको कपी टिप्न निहुरिएकी रमिलालाई दाहिनेपट्टिबाट टाउकोमा झापु हिर्काउँदा देब्रेपट्टि भित्तामा टाउको ठोक्किएर उनी वेहोश भएकी थिइन् । कान्ति बाल अस्पताल लगेपछि उनको होस खुलेको थियो ।

राजधानी नजिकै भए पनि पीडित परिवार विद्यालयको दवाव र प्रलोभन तथा चेतना नभएका कारण सबै कुरा बाहिर ल्याउन चाहँदैन । कक्षा चारमा अध्ययनरत् छात्रा विष्ट भने आफूले केही गल्ती नगरी पिटाइ खाएकोमा दुःखी हुँदै भन्छिन्- "सम्झिँदै डर लाग्छ, अब पढ्ने मन नै छैन ।" मनोविशेषज्ञ नन्दिता शर्मा भन्छिन्- बालबालिकालाई विद्यालयमा हुने सानातिना हिंसाले पनि दीर्घकालीन प्रभाव पार्छ । यस्ता घटनाले गर्दा त्यस्ता बालबालिकाले पढ्न छोड्न सक्छन् ।

अभिभावक संघ नेपालका अध्यक्ष सुप्रभात भण्डारी यस्तो काम गर्ने शिक्षकमाथि कारवाहीको व्यवस्था ऐन, नियममा नभएको बताउँदै चिन्ता व्यक्त गर्नुहुन्छ । निजी र सार्वजनिक दुबै विद्यालयका शिक्षकहरूलाई शिक्षण पेसामा आउनुपूर्व नै तालिम दिनुपर्छ, भन्ने उहाँको विचार छ ।

## शिक्षिका नहुँदा बालिका पढ्न जाँदैनन्

सप्तरी जिल्लाको भगवतपुर गाविसका दुईवटै प्राथमिक विद्यालयमा बालिकाको संख्या अत्यन्त कम छ । भगवतपुरमा अरू गाविसको तुलनामा छात्रा संख्या कम हुनुमा महिला शिक्षिका नभएको कारण हो भन्ने कुरा अभिभावकहरू बताउँछन् ।

मिथिला सँस्कृतिमा महिलाहरू पर्दामै बस्नुपर्ने र जथाभावी बाहिर जान नहुने मान्यता थियो । यसले गर्दा दुई दशकअघिसम्म भगवतपुरका महिलाले उच्चशिक्षा पाउन सकेका थिएनन् । तर प्रजातन्त्रको पुनःस्थापनापछि आएको महिला जागरणले तिनीहरूमा थोरै भए पनि चेतना जागृत हुन थालेको छ । अहिले शिक्षित महिलाको संख्या क्रमशः बढ्न थालेको देखिन्छ । तर पहुँच र रोजगारको अवसर नहुँदा शिक्षित भए पनि महिलाहरू बेरोजगारै बस्नुपरेको छ । पूर्वगाविस अध्यक्ष बैद्यनाथ मण्डल भन्नुहुन्छ- आफ्नै गाउँका तीन विद्यालयमा एकजना पनि महिला शिक्षिका छैनन् । 'बालिका शिक्षाका लागि विद्यालयमा महिला शिक्षिका हुनु नितान्त आवश्यकता छ' जिविस पूर्वसभापति जयनारायण मण्डल भन्नुहुन्छ- 'बालिकाले महिलाझैं पुरूष शिक्षकलाई आफ्ना समस्या खुलस्त रूपले व्यक्त गर्न सक्दैनन् ।

जनता निमावि, भगवतपुरमा कुल ३ सय ६० विद्यार्थीमध्ये बालिकाको संख्या १ सय ४५ रहेको छ । तर ४० देखि ४५ जना मात्र बालिकाहरू नियमित विद्यालयमा हाजिर हुने गरेको अभिलेखमा देखिन्छ । उक्त विद्यालयमा तीनदेखि माथिल्ला कक्षामा क्रमिक रूपले छात्राको संख्या घट्दै गएको देखिन्छ । यस्तै अवस्था दुर्गापुर र मझौराटोलमा रहेका दुई प्राविको पनि रहेको छ । नामाङ्कन भएभन्दा एकतिहाई बालिका मात्र स्कुल आउने गरेको त्यहाँका शिक्षकहरू बताउँछन् । बालिकाहरूको घट्दो संख्यालाई दृष्टिगत गरी नवगठित विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, स्थानीय बुद्धिजीवी र समाजसेवीहरू मिलेर संयुक्त प्रयासबाट बालिका शिक्षाबारे जनचेतना अभियान सञ्चालनको प्रयास भइरहेको कुरा पूर्वगाविस अध्यक्ष मण्डल बताउनुहुन्छ ।

कपिलवस्तुको श्री बाल निमावि, वाणगंगामा कुल १३ जना शिक्षकमध्ये ७ जना महिला शिक्षिका रहेका छन् । यस विद्यालयको व्यवस्थापन समितिमा विगत तीस वर्षदेखि अध्यक्ष रहँदै आउनुभएका नित्यानन्द ज्ञवाली आफ्नो विद्यालय र गाउँमा बालिका शिक्षाको स्थिति राम्रो रहेको दावी गर्नुहुन्छ । कूल ६ सय १४ बिद्यार्थी मध्ये सो विद्यालयमा ३ सय ११ जना छात्रा र ३ सय ३ जना छात्र रहेका छन् । विद्यालयका शिक्षक अर्जुन शाही भन्नुहुन्छ- सरकारी विद्यालयमा छोरी चाहिँ जस्तै परिवारले पनि पढाएको छ । यसमा शिक्षिकाहरूको संख्याले ठूलो भूमिका खेलेको छ ।

यस्तै उदाहरण बनेको छ यसै जिल्लाको निग्लिहवास्थित रामजानकी प्रा.वि. । पहाडे र मधिसे समुदायको मिश्रित वस्ती रहेको यहाँको समुदायले तीनजना महिला शिक्षिकालाई नियुक्ति दियो । मन्दिरको आम्दानीबाट सीमित तलबमा शिक्षिकाहरूले काम गरेपछि गाउँमा सबैले छोरालाई काममा पठाए पनि छोरी पढाउन थाले । स्थानीय बुद्धिजीवी ज्ञानबहादुर क्षेत्री भन्छन्- अहिले विद्यालयमा ९० जना बालिका र ७० जना बालकहरू छन् । यहाँ भने छोरीलाई सरकारी विद्यालय र छोरालाई निजी विद्यालय पढाएर बालिकाहरूको संख्या बढेको होइन- स्थानीय अभिभावकहरूको दावी छ ।

बालिका शिक्षाको लागि प्रेरणा दिने काम गर्न महिला शिक्षिकाहरू सक्षम भएका छन् । शिक्षिकालाई बालिकाहरूले आफ्ना समस्या भन्न सक्ने मात्र नभई शिक्षिकाहरूबाट प्रेरणासमेत ग्रहण गर्ने भएकोले बालिका शिक्षाका निम्ति महिला शिक्षिका ठूलो उदाहरण बन्ने देखिन्छ ।

यूनिसेफ नेपालको सहयोगमा शिक्षा पत्रकार समूह, अनामनगरद्वारा प्रकाशित, फोनः ४–२५७६५५, इमेलः ejg@ntc.net.np, पो.ब.नं. २१८४३, मुद्रणः युनाइटेड ग्राफिक्स प्रिन्टर्स, न्यूप्लाजा, काठमाडौँ, फोनः ४–४२१४१०, सम्पादनः पदम